कम्पनीले आफ्नो जारी पुँजी रु. २,१५,००,००,०००/- मध्ये ३०% प्रतिशत अर्थात रु. ६४,५०,००,०००/- रकम बराबर प्रति शेयर रु.१००।- अङ्कित दरका ६४,५०,००० कित्ता शेयर मध्ये ३,२२,५०० कित्ता शेयर (५%) कर्मचारीहरुलाइ सुरक्षित गरिएको र ३,२२,५०० कित्ता शेयर (५%) सामुहिक लगानी कोषको लागि छुटयाइएको र बाँकी ५८,०५,००० कित्ता साधारण शेयर सर्वसाधारणमा निष्काशन गरिएको ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

यस संस्थालाइ ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाडौंले [ICRANP-IR] BBB" रेटिङ्ग प्रदान गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate Degree of Safety Regarding Timely Servicing of Financial Obligations) **जनाउँदछ । सो ग्रेडिङ्ग को वैधता अवधि एक बर्ष रहनेछ । ईक्रा नेपाल लिमिटेडले** [ICRANP-IR] AAA **देखि** [ICRANP-IR] D **सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड** [ICRANP-IR] AAA **ले बलियो आधार जनाउँछ** [ICRANP-IR] D **ले कमजोर आधार जनाउँछ ।** [ICRANP-IR] B, [ICRANP-IR] C **र** [ICRANP-IR] D **ले औसत भन्दा कम आधार जनाउँछ दिइने आधारहरुमा प्रयोग गरिने** (Plus) **चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।**
क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७१/०५/१७ क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०७२/०५/१६ सम्म

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बीमा ऐन, २०४९ बमोजिमको काम कारोवार गर्ने

यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
UNION LIFE INSURANCE COMPANY LIMITED

रजिष्टर्ड कार्यालय : सिद्धार्थनगर नगरपालिका वडा नं ८, रुपन्देही
कर्पोरेट कार्यालय : नयाँ बानेश्वर १०, काठमाण्डौं, नेपाल
फोन नं. ०१४७८४७५८, ४७८६२२५,४७८६३३९ फ्याक्स नं. ०१-४७८५९२६
Email:info@unionlife.com.np; website: www.unionlife.com.np

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधि :	निष्काशन खुल्ला हुने मिति	: २०७८/०३/२४ गते
	निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७८/०३/२८ गते (बैकिङ्ग समय पश्चात्)
	निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७८/०४/०७ गते (बैकिङ्ग समय पश्चात्)

दरखास्त दिन पाउने न्यूनतम कित्ता : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता : ३२,२५० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- शेयरको दरले

आगामी ३ वर्ष तथा विगत वर्षको प्रति शेयर नेटवर्थ, प्रति शेयर आम्दानी र संचित नफा/नोक्सान सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत*	प्रक्षेपित		
	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
प्रति शेयर नेटवर्थ (रु.)	१००.८३	१०५.३३	११५.१३	१४८.४६	१३७	१४३	१५२
प्रति शेयर आम्दानी (रु.)**	०.८३	५.०९	९.२१	३३.३३	४.१७	६.२३	८.७६
नेटवर्थमा प्रतिफल (%)	०.८२%	४.८१%	८.००%	२२.४५%	३.०५%	४.३६%	५.७८%
संचित आय (रु.हजारमा)	१२,४९०.२७	८९,०९०.१६	२२७,७३७.३१	७२९,३९४.५२	७८५,१९९.०८	९१९,१४८.३६	१,१०७,४६८.१९

* आषाढ मसान्त, २०७७ को व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण अनुसार । ** प्रक्षेपित वित्तीय विवरणमा स्थगन कर गणना नगरिएको हुनाले प्रक्षेपित प्रति शेयर आम्दानी गत वर्षको तुलनामा कम देखिएको हो ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति २०७८/०३/१३ गते, बीमा समितिमा दर्ता भएको मिति २०७८/०३/१४ गते तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति २०७८/०३/१५ गते

१. संस्थाको नाम : यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड **(Union Life Insurance Company Limited)**

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित भई बीमा ऐन, २०४९, बीमा नियमावली २०४९ बमोजिम जीवन बीमा व्यवसायको कारोबार गर्ने इजाजत प्राप्त ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय सिद्धार्थनगर नगरपालिका वडा न. ८, रुपन्देहीमा रहेको छ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान काठमाडौं जिल्ला, काठमाडौ महानगरपालिका, वडा नं. १०, नयाँ बानेश्वर, काठमाडौंमा रहेको छ। आवश्यकता अनुसार सम्बन्धित निकायको स्वीकृती लिई स्वदेश भित्र शाखा तथा उपशाखा कार्यालय स्थापना गरी कारोवार गर्न सकिने छ। यस कम्पनीले हाल निम्न कार्यालयहरु खोली कारोवार सञ्चालन गरी रहेको छ।

क्र.सं.	प्रादेशिक/शाखा तथा उपशाखा कार्यालय	क्र.सं.	प्रादेशिक/शाखा तथा उपशाखा कार्यालय	क्र.सं.	प्रादेशिक/शाखा तथा उपशाखा कार्यालय	क्र.सं.	प्रादेशिक/शाखा तथा उपशाखा कार्यालय	क्र.सं.	प्रादेशिक/शाखा तथा उपशाखा कार्यालय
१	ईटहरी प्रादेशिक कार्यालय	४२	कोटेश्वर शाखा कार्यालय	८३	अत्तरिया शाखा कार्यालय	१२४	गोलबजार उपशाखा कार्यालय	१६५	सल्यान उपशाखा कार्यालय
२	जनकपुरधाम प्रादेशिक कार्यालय	४३	स्वयम्भु शाखा कार्यालय	८४	ताप्लेजुङ उपशाखा कार्यालय	१२५	गैडाकोट उपशाखा कार्यालय	१६६	खलंगा उपशाखा कार्यालय
३	बबरमहल प्रादेशिक कार्यालय	४४	थापाथली शाखा कार्यालय	८५	फिदिम उपशाखा कार्यालय	१२६	बयलबास उपशाखा कार्यालय	१६७	दैलेखबजार उपशाखा कार्यालय
४	पोखरा प्रादेशिक कार्यालय	४५	ठमेल शाखा कार्यालय	८६	बिराटचौक उपशाखा कार्यालय	१२७	भण्डारा उपशाखा कार्यालय	१६८	मुसिकोट उपशाखा कार्यालय
५	बुटवल प्रादेशिक कार्यालय	४६	अनामनगर शाखा कार्यालय	८७	बसन्तपुर,लालीगुँरास न.पा. उपशाखा कार्यालय	१२८	भरतपुर उपशाखा कार्यालय	१६९	लमही उपशाखा कार्यालय
६	धनगढी प्रादेशिक कार्यालय	४७	लाजिम्पाट शाखा कार्यालय	८८	पथरी,शनिश्चरे उपशाखा कार्यालय	१२९	बरहथवा उपशाखा कार्यालय	१७०	तुलसीपुर उपशाखा कार्यालय
७	ईटहरी शाखा कार्यालय	४८	धुम्बाराही शाखा कार्यालय	८९	गौरादह उपशाखा कार्यालय	१३०	भकुण्डेबेशी उपशाखा कार्यालय	१७१	प्युठान उपशाखा कार्यालय
८	बिराटनगर शाखा कार्यालय	४९	थानकोट शाखा कार्यालय	९०	भद्रपुर उपशाखा कार्यालय	१३१	पाँचखाल उपशाखा कार्यालय	१७२	सल्लीबजार उपशाखा कार्यालय
९	बिर्तामोड शाखा कार्यालय	५०	मनमैजु शाखा कार्यालय	९१	सुरुङ्गा उपशाखा कार्यालय	१३२	पनौती उपशाखा कार्यालय	१७३	छिन्चु उपशाखा कार्यालय
१०	दमक शाखा कार्यालय	५१	बुढानिलकण्ठ शाखा कार्यालय	९२	फिक्कल उपशाखा कार्यालय	१३३	मेलम्ची उपशाखा कार्यालय	१७४	बाँसगढी उपशाखा कार्यालय
११	इनरुवा शाखा कार्यालय	५२	साँखु शाखा कार्यालय	९३	रंगेली उपशाखा कार्यालय	१३४	मन्थली उपशाखा कार्यालय	१७५	रोल्पा उपशाखा कार्यालय
१२	इलाम शाखा कार्यालय	५३	सूर्यविनायक शाखा कार्यालय	९४	भुम्का उपशाखा कार्यालय	१३५	खाडीचौर उपशाखा कार्यालय	१७६	जुम्ला उपशाखा कार्यालय
१३	धनकुटा शाखा कार्यालय	५४	लगनखेल शाखा कार्यालय	९५	म्याङलुङ उपशाखा कार्यालय	१३६	चौतारा उपशाखा कार्यालय	१७७	कालिकोट उपशाखा कार्यालय
१४	धरान शाखा कार्यालय	५५	लुभु शाखा कार्यालय	९६	भोजपुर उपशाखा कार्यालय	१३७	सिन्धुली उप शाखा कार्यालय	१७८	मुगु उपशाखा कार्यालय
१५	बिर्गंज शाखा कार्यालय	५६	धादिङबेशी शाखा कार्यालय	९७	धुलाबारी उपशाखा कार्यालय	१३८	भोर्लेटार उपशाखा कार्यालय	१७९	डोल्पा उपशाखा कार्यालय
१६	हरिवन शाखा कार्यालय	५७	चापागाउँ शाखा कार्यालय	९८	खाँदबारी उपशाखा कार्यालय	१३९	गोरखा उपशाखा कार्यालय	१८०	खजुरा उपशाखा कार्यालय
१७	मलगंवा शाखा कार्यालय	५८	चरिकोट शाखा कार्यालय	९९	उर्लाबारी उपशाखा कार्यालय	१४०	बेनीबजार उपशाखा कार्यालय	१८१	दुल्लु उपशाखा कार्यालय
१८	लहान शाखा कार्यालय	५९	जोरपाटी शाखा कार्यालय	१००	लेटाङ उपशाखा कार्यालय	१४१	कुश्मा उपशाखा कार्यालय	१८२	राकम उपशाखा कार्यालय
१९	जनकपुर शाखा कार्यालय	६०	शंखमुल शाखा कार्यालय	१०१	दुहबी उपशाखा कार्यालय	१४२	दुलेगौडा उपशाखा कार्यालय	१८३	हुम्ला उपशाखा कार्यालय
२०	जलेश्वर शाखा कार्यालय	६१	कमलविनायक शाखा कार्यालय	१०२	सल्लेरी उपशाखा कार्यालय	१४३	आबुखैरेनी उपशाखा कार्यालय	१८४	खलंगाबजार उपशाखा कार्यालय
२१	गाइघाट शाखा कार्यालय	६२	पोखरा शाखा कार्यालय	१०३	बुद्धशान्ती उपशाखा कार्यालय	१४४	सुन्दरबजार उपशाखा कार्यालय	१८५	दिपायल,सिलगढीउपशाखा कार्यालय
२२	नारायणगढ शाखा कार्यालय	६३	बागलुङ शाखा कार्यालय	१०४	काँकरभिट्टा उपशाखा कार्यालय	१४५	लेखनाँथ उपशाखा कार्यालय	१८६	बेलौरी उपशाखा कार्यालय
२३	हेटौंडा शाखा कार्यालय	६४	बेशिसहर शाखा कार्यालय	१०५	चन्द्रनिगापुर उपशाखा कार्यालय	१४६	हेम्जा उपशाखा कार्यालय	१८७	भलारी उपशाखा कार्यालय
२४	कलंकी शाखा कार्यालय	६५	दमौली शाखा कार्यालय	१०६	गौर उपशाखा कार्यालय	१४७	बुर्तिबाङ उपशाखा कार्यालय	१८८	मंगलसेन उपशाखा कार्यालय
२५	महाराजगंज शाखा कार्यालय	६६	वालिङ शाखा कार्यालय	१०७	कटारी उपशाखा कार्यालय	१४८	पुतलीबजार उपशाखा कार्यालय	१८९	मसुरिया उपशाखा कार्यालय
२६	गोंगबु शाखा कार्यालय	६७	बुटवल शाखा कार्यालय	१०८	निजगढ उपशाखा कार्यालय	१४९	गलकोट उपशाखा कार्यालय	१९०	लम्की उपशाखा कार्यालय
२७	भक्तपुर शाखा कार्यालय	६८	भैरहवा शाखा कार्यालय	१०९	जितपुर सिमरा उपशाखा कार्यालय	१५०	जोमसोम उपशाखा कार्यालय	१९१	बैतडी उपशाखा कार्यालय
२८	चाबहिल शाखा कार्यालय	६९	बर्दघाट शाखा कार्यालय	११०	पोखरीया उपशाखा कार्यालय	१५१	लामाचौर उपशाखा कार्यालय	१९२	कैलारी(हसुलिया)उपशाखा कार्यालय
२९	नयाँ बानेश्वर शाखा कार्यालय	७०	कावासोती शाखा कार्यालय	१११	सिराहा उपशाखा कार्यालय	१५२	बिरौटा उपशाखा कार्यालय	१९३	बाजुरा उपशाखा कार्यालय
३०	ताहचल शाखा कार्यालय	७१	पाल्पा शाखा कार्यालय	११२	राजबिराज उपशाखा कार्यालय	१५३	लेकसाइड उपशाखा कार्यालय	१९४	साँफेबगर उपशाखा कार्यालय
३१	पाटन शाखा कार्यालय	७२	परासी शाखा कार्यालय	११३	बर्दिबास उपशाखा कार्यालय	१५४	तौलिहवा उपशाखा कार्यालय	१९५	बभाङ (चैनपुर) उपशाखा कार्यालय
३२	बनेपा शाखा कार्यालय	७३	कोहलपुर शाखा कार्यालय	११४	मिर्चैया उपशाखा कार्यालय	१५५	४नं. जितपुर उपशाखा कार्यालय	१९६	खोटाङ उपशाखा कार्यालय
३३	नुवाकोट शाखा कार्यालय	७४	नेपालगंज शाखा कार्यालय	११५	टाँडी उपशाखा कार्यालय	१५६	चन्दौटा उपशाखा कार्यालय	१९७	ओखलढुंगा उपशाखा कार्यालय
३४	स्वार्को शाखा कार्यालय	७५	गुलरिया शाखा कार्यालय	११६	कलैया उपशाखा कार्यालय	१५७	तम्घास उपशाखा कार्यालय	१९८	सुवा उपशाखा कार्यालय
३५	किर्तीपुर शाखा कार्यालय	७६	सुर्खेत शाखा कार्यालय	११७	बिरेन्द्रबजार उपशाखा कार्यालय	१५८	अर्घाखाँची उपशाखा कार्यालय	१९९	दुधौली उपशाखा कार्यालय
३६	पेप्सीकोला शाखा कार्यालय	७७	दाङ शाखा कार्यालय	११८	क्षीरेश्वर उपशाखा कार्यालय	१५९	रामपुर उपशाखा कार्यालय	२००	भिमाद उपशाखा कार्यालय
३७	नक्साल शाखा कार्यालय	७८	धनगढी शाखा कार्यालय	११९	रामगोपालपुर उपशाखा कार्यालय	१६०	मुर्गिया उपशाखा कार्यालय	२०१	धनुषाधाम उपशाखा कार्यालय
३८	कालिमाटी शाखा कार्यालय	७९	टिकापुर शाखा कार्यालय	१२०	मनहरी उपशाखा कार्यालय	१६१	फसाटिका उपशाखा कार्यालय	२०२	लंखु उपशाखा कार्यालय
३९	न्युरोड शाखा कार्यालय	८०	सुख्खड शाखा कार्यालय	१२१	चनौली उपशाखा कार्यालय	१६२	मनिग्राम उपशाखा कार्यालय	२०३	माहुली उपशाखा कार्यालय
४०	भैंसेपाटी शाखा कार्यालय	८१	महेन्द्रनगर शाखा कार्यालय	१२२	माडी (चितवन) उपशाखा कार्यालय	१६३	देवदह(खैरेनी)उपशाखा कार्यालय	२०४	भुरीगाँउ उपशाखा कार्यालय
४१	कपन शाखा कार्यालय	८२	डडेलधुरा शाखा कार्यालय	१२३	खोलेसिमल उपशाखा कार्यालय	१६४	लुम्बिनी उपशाखा कार्यालय		

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

यस यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई मिति २०७४/०६/३१ मा कारोबार स्वीकृति प्राप्त गरी बीमा समितिबाट जीवन बीमा व्यवसाय गर्ने बीमकको ईजाजत पत्र मिति २०७४/०३/२० मा प्राप्त गरी मिति २०७४/०६/०४ गते देखि बीमा व्यावसाय गर्दै आईरहेको छ। यस कम्पनीमा देशका प्रतिष्ठित उद्योगपति, ब्यापारी, ब्यावसायी, समाजसेवीहरुको लगानी रहेको छ। यस कम्पनीले स्थापनाकाल देखि नै मुनाफा आर्जन गर्न सफल भएको छ। कम्पनीको मुख्य उद्देश्य नेपालमा प्रतिष्ठित बीमा कम्पनीको रुपमा स्थापित भई बीमा सेवा उपलब्ध गराउने। साथै लगानीकर्ताहरुलाई उचित प्रतिफल प्रदान गर्ने साथै कम्पनीमा कार्यरत कर्मचारीहरुको बृति बिकास गरी उचित रोजगारीको अवसर प्रदान गर्ने। कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम व्यवस्था गरिएको छ :

(क) नेपालको बीमा ऐन र बीमा नियमावलीको अधिनमा रही जीवन बीमा व्यवसाय संचालन गर्ने र देशको आर्थिक विकासमा सहयोग पुऱ्याउने ।
(ख) आजीवन जीवन बीमा, सावधिक जीवन बीमा, अन्युटी र म्यादी जीवन बिमा र समय समयमा ल्याईने नयाँ बीमालेख सम्बन्धी कार्यहरु गर्ने गराउने ।
(ग) प्रत्येक किसिमको जीवन तथा दुर्घटना सम्बन्धमा व्यक्ति विशेषमा ज्यानमा खतरा वा शरीरको कुनै विशेष भागमा भएमा वा हुने हानी नोक्सानी शारिरिक वा मानसिक आघातका सम्बन्धमा बीमा गर्ने गराउने ।
(घ) कुनै कम्पनी वा कम्पनीको कामदारको सम्बन्धमा कुनै कारबाहीमा हानी नोक्सानी, कामदारलाई हुने दुर्घटना, कुनै कानून अन्तर्गत गर्नु पर्ने क्षतिपूर्ति, शारिरिक वा जीवनकै क्षति, हुलंदगांबाट हुने खतरा समेतको लागि बीमा गर्ने, गराउने ।
(ङ) बीमा सम्झौता गरे वापत प्राप्त भएको रकम बीमा ऐन अनुसार लगानी गर्ने, असुली गर्ने ।
(च) विभिन्न कम्पनीहरुको संस्थापक भई वा नभई शेयरमा लगानी गर्ने गराउने ।
(छ) सम्पत्तीको संरक्षणको लागि तथा वीमित व्यक्तिहरुको हित र सुविधाको लागि विभिन्न बीमा कम्पनीहरुको पूनर्बीमा स्विकार गर्ने तथा पुनर्बीमा गराउने ।
(ज) स्वीकृती लिनुपर्नेमा स्वीकृती लिई स्वदेशी तथा विदेशी बीमा कम्पनीहरु सँग मिली वा छुट्टाछुट्टै किसिमको बीमा व्यावसाय गर्ने गराउने ।
(झ) शेयरपुँजी, बीमा शुल्क, व्याज र अन्य आय वापत प्राप्त रकमहरु उचित प्रतिफल पाउने गरी विभिन्न चल तथा अचल सम्पत्तिमा लगानी गर्ने, लगानी बिक्री गर्ने र सो सम्बन्धी कार्य गर्ने गरी म्युचुवल फन्ड, हाईड्रोपावर, राष्ट्रिय महत्वको क्षेत्र तथा सहायक कम्पनी स्थापना गर्ने वा अन्यले स्थापना गर्ने कम्पनीमा सहभागी रहने ।
(ञ) बीमा, पूनर्बीमा व्यावसायको लागि स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुको प्रतिनिधी (अभिकर्ता) ब्रोकर (दलाल) भई काम गर्ने, गराउने ।

नोट : माथि उल्लेख गरिएको (छ), (ज) र (ञ) मा भएको व्यवस्था कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणीत भएतापनि सो कार्यको लागि बीमा समितिबाट स्वीकृति पश्चात मात्र कारोबार गर्ने व्यवस्था भएको ।

६. संस्थाको पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत पूँजी : यस कम्पनीको अधिकृत पूँजी रु.२,१५०,०००,०००/- (अक्षरुपी दुई अर्व प्रन्ध करोड रुपैयाँ) रहेको छ। जसलाई प्रति शेयर रु.१००/- दरले २,१५,००,००० (दुई करोड पन्ध्र लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
जारी पूँजी : यस कम्पनीको जारी पूँजी २,१५०,०००,०००/- (दुई अर्व प्रन्ध करोड रुपैयाँ) रहेको छ। जसलाई प्रति शेयर रु.१००/– दरले २१,५००,०००(दुई करोड प्रन्ध लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
चुक्ता पूँजी : यस कम्पनीको तत्काल चुक्ता पूँजी रु.१,५०५,०००,०००/- (एक अरब पचास करोड पचास लाख) रहेको छ। जसलाई प्रति शेयर रु.१००/– दरले १,५०,५०,००० (एक करोड पचास लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ। यस विवरणपत्र मार्फत प्रारम्भिक सार्वजनिक निष्काशन गरी साधारण शेयरको बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी २,१५०,०००,०००/- (दुई अर्व प्रन्ध करोड रुपैया) हुनेछ।
अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

पूँजी सम्बन्धी विवरण	२०७४/७५	२०७५/७६	२०७६/७७
अधिकृत पूँजी	२,१५०,०००,०००	२,१५०,०००,०००	२,१५०,०००,०००
जारी पूँजी	२,१५०,०००,०००	२,१५०,०००,०००	२,१५०,०००,०००
चुक्ता पूँजी	१,५०५,०००,०००	१,५०५,०००,०००	१,५०५,०००,०००

७. सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने कम्पनीको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम(रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक शेयरधनीहरु	१५,०५०,०००	७०%	१,५०५,०००,०००/-	शत प्रतिशत
(ग)	सर्वसाधारण शेयरधनीहरु	६,४५०,०००	३०%	६४५,०००,०००/-	शत प्रतिशत
	जम्मा	**२१,५००,०००**	**१००%**	**२,१५०,०००,०००/-**	

८. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था : यस इन्स्योरेन्स कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहने ब्यवस्था गरिएको छ।

समूह "क"का संस्थापक शेयरधनीहरुमध्येबाट	४ जना
समूह "ख" का सर्वसाधारण शेयरधनीहरुमध्येबाट	२ जना
कम्पनी ऐन, २०६३ को दफा ८६ (३) बमोजिम नियुक्त स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	**७ जना**

नोट : हाल यस कम्पनीमा सर्वसाधारण समूहका दुई जना संचालकहरुको पद रिक्त रहेको र प्राथामिक शेयर निष्काशन पश्चात सर्वसाधारण शेयरको तर्फबाट संचालकको नियुक्ति गरिनेछ र कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा २ का भएको व्यवस्था बमोजिम महिला संचालकको नियुक्ति गरिएको ।

९. संचालक तथा आधारभूत शेयरधनीहरुको विवरण :

सि.नं	नाम र ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१	श्री शुलभ अग्रवाल का.म.न.पा.-४, बालुवाटार	संस्थापक	४०	नेपाली	२७,१५,०००	स्नातक	जगदम्बा वायर्स प्रा.लि., जगदम्बा सिन्थेटिक प्रा.लि., जगदम्बा स्पिनिङ मिल्स प्रा.लि., रिद्धिसिद्धि सिमेन्ट प्रा.लि.मा संचालक रहि कार्यरत रहनु भएको
२	श्री शेखर गोल्छा का.म.न.पा.-२२, गणबहाल	संस्थापक	५१	नेपाली	३०,००,०००	स्नातक	हंसराज हुलासचन्द एण्ड कम्पनी प्रा.लि. हुलास इनभेष्टमेष्ट कम्पनी प्रा.लि.हिम इलेक्टोनिक्स प्रा.लि.मा संचालक रहि कार्यरत रहनु भएको।
३	श्री शाहिल कुमार अग्रवाल का.म.न.पा-४, बालुवाटार	संस्थापक	३८	नेपाली	३०,००,०००	स्नातक	जगदम्बा स्टिल्स प्रा.लि., जगदम्बा सिमेन्ट इ. प्रा.लि., जगदम्बा फुड्स प्रा.लि., जगदम्बा हस्पिटालिटी प्रा.लि., जगदम्बा मोटर्स प्रा.लि.मा संचालकको रुपमा कार्यरत
४	संदिप कुमार अग्रवाल का.म.न.पा.-१०, नयाँ बानेश्वर	संस्थापक	४५	नेपाली	१०,००,०००	स्नातकोत्तर	श्री शिबशक्ति घिउ उद्योग प्रा.लि.मा संचालक रहनु भएको
५	राहुल कुमार अग्रवाल टेकु १२, काठमाडौं	संस्थापक	४२	नेपाली	१०,००,०००	स्नातकोत्तर	आरपि ट्रेडिङ्गमा प्रोपराइटरको रुपमा कार्यरत रहनु भएको
६	श्रीमती मंजु कुमारी अग्रवाल मित्रपार्क ७, काठमाडौं	संस्थापक	५३	नेपाली	२,००,०००		एस.ए.एम. इन्टरप्राईजेजमा प्रोपराइटरको रुपमा कार्यरत
७	श्री शरद कुमार टिबडेवाला सानेपा २, ललितपुर	संस्थापक	४१	नेपाली	१०,००,०००	स्नातक	फ्याक्ट नेपालप्रा.लि.को प्रबन्ध निर्देशक रुपमा कार्यरत
८	श्री आशिष अग्रवाल मित्रपार्क ७, काठमाडौं	संस्थापक	२६	नेपाली	२,००,०००	स्नातक	बालाजी सिमेन्ट ई. प्रा.लि., बालाजी स्टिल्स प्रा.लि.मा संचालक रहि कार्यरत रहनु भएको ।
९	श्री राजेश हार्डवेयर्स प्रा.लि. टेकु ११ काठमाडौं	संस्थापक	-	नेपाली	५,००,०००	-	-
१०	श्री गोयल मेटल रोहिणी ४, सिपागढ, भैरहवा	संस्थापक	-	नेपाली	३,००,०००	-	-
११	श्री शालिमार इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. बिरगंज १३ पर्सा	संस्थापक	-	नेपाली	५,००,०००	-	-
१२	श्री बिमल सिद्धार्थ बैद्य नेपालगंज १६, बाँके	संस्थापक	३५	नेपाली	२,००,०००	स्नातक	बर्षा रिसाईक्लिनिङ प्रा.लि., बिमल मेटल ई.प्रा.लि.मा संचालक रहि कार्यरत रहनु भएको ।
१३	श्री सहयात्री ग्रुप प्रा.लि.काठमाडौं १, दरवारमार्ग	संस्थापक	-	नेपाली	२,२५,०००	-	-

संचालकहरुको विवरण :

सि.नं	सञ्चालकको नाम, ठेगाना	पद	शैक्षिक योग्यता	शेयर स्वामित्व कित्ता	अनुभव	प्रस्तावित व्यापार व्यवसाय
१	श्री शुलभ अग्रवाल का.म.न.पा.-४, बालुवाटार	अध्यक्ष	स्नातक	२७,१५,०००	जगदम्बा वायर्स प्रा.लि., जगदम्बा सिन्थेटिक प्रा.लि., जगदम्बा स्पिनिङ मिल्स प्रा.लि., रिद्धिसिद्धि सिमेन्ट प्रा.लि.मा संचालक रहि कार्यरत रहनु भएको, विभिन्न व्यापार व्यवसायमा २१ बर्षको कार्याअनुभव तथा हाल नेपाल उद्योग परिसंघको उपाध्यक्ष	नभएको
२	सिमा गोल्छा (प्रतिनिधिः गोयल मेटल इण्डष्ट्रिज प्रा.लि., रोहिणी ४, सिपागढ, भैरहवा	संचालक	स्नातकोत्तर	३,००,०००	हिम इलोक्ट्रिोनिक्स प्रा.लि.स्विज अन प्रा.लि.मा संचालक रहि कार्यरत तथा जोन्ता क्लब अफ काठमाण्डौंको अध्यक्ष	नभएको
३	श्री संदिप कुमार अग्रवाल का.म.न.पा.-१०, नयाँ बानेश्वर	संचालक	स्नातकोत्तर	१०,००,०००	श्री शिबशक्ति घिउ उद्योग प्रा.लि.मा संचालक रहि कार्यरत रहनु भएको, विभिन्न व्यापार व्यवसायमा २२ बर्षको कार्याअनुभव तथा नेपाल उद्योग बाणिज्य महासंघको केन्द्रिय सदस्य	नभएको
४	श्री जीवन कुमार अग्रवाल (प्रतिनिधि : श्री शालिमार इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.) का.म.पा.-१, दरवारमार्ग	संचालक	स्नातक	५,००,०००	शालिमार इनभेष्टमेण्ट कम्पनी प्रा.लि., शालिमार सिमेण्ट प्रा.लि.मा संचालक रहि कार्यरत रहनु भएको र विभिन्न व्यापार व्यवसायमा ४० बर्षको कार्याअनुभव	नभएको
५	श्री देवी प्रसाद शर्मा का.म.न.पा. ३२, कोटेश्वर	स्वतन्त्र विज्ञ संचालक	एमपिए	-	नेपाल सरकारको सेवामा ३० बर्ष भन्दा बढि कार्यरत रहनु भएको। उपसचिब तहमा ८ बर्ष भन्दा बढि सेवारत रहनु भएको।	नभएको

प्रमुख कार्यकारी अधिकृतको विवरण :

सि.नं.	नाम	पद	योग्यता	नियुक्ति मिति	अनुभव	कम्पनीमा रहेको शेयर संख्या
१	मनोज कुमार लाल कर्ण	प्रमुख कार्यकारी अधिकृत	स्नातकोत्तर	२०७४।०४।०१	बीमा क्षेत्रमा २० बर्ष भन्दा बढि अवधी कार्यरत रहनु भएको। निर्जिवन तथा जीवन बीमा कम्पनीको उच्च व्यवस्थापन तहमा रहेर कार्यरत रहनु भएको। राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम एवं सेमिनारमा भाग लिनु भएको।	नरहेको

१०. सीमित दायित्व सम्बन्धी विवरण :

यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, कम्पनी ऐन, २०६३ तथा बीमा ऐन, २०४९ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरवालाहरुको दायित्व सीमित छ। यस इन्सोरेन्स कम्पनीका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

११. धितोपत्र जारी गर्नुको उद्देश्य :

अ) यस इन्स्योरेन्स कम्पनीको मिति २०७४।०७।१३ गते बसेको प्रथम बार्षिक साधारण सभाको निर्णय अनुसार इन्स्योरेन्स कम्पनीको सर्वसाधारण अन्तर्गत ६४,५०,००० कित्ता अर्थात रु. ६४ करोड ५० लाख रकम बराबर प्रति शेयर रु.१००/ अंकित दरका शेयर प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत बिक्री वितरण गरि इन्स्योरेन्स कम्पनीको शेयर पूँजी संरचना मिलान गर्ने ।
आ) इन्स्योरेन्स कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।
इ) इन्स्योरेन्स कम्पनीले आफ्नो सेवा विस्तार गरि बीमा व्यावसायको जोखिम धारण बढाउनको लागि आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

१२. सकारात्मक पक्षहरु :

क) देशका अनुभवी तथा दक्ष ब्यक्तिहरुद्वारा स्थापित भएकोले यस इन्स्योरेन्स कम्पनी को ब्यबस्थापन सक्षम तथा प्रभावकारी भएको ।
ख) देशका प्रतिष्ठित उद्योगपति, ब्यापारी, ब्यावसायी, समाजसेबी लगायत ठूला प्रर्बधकहरु रहेका छन्।
ग) स्थापनाकालदेखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट बीमा ब्यवसाय सेवा प्रदान गर्दै आइरहेको।

१३. संगठित संस्थाको विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

विवरण	वास्तविक रु. हजारमा		अपरिष्कृत (रु.हजारमा)
	२०७४/७५	२०७५/७६	२०७६/७७
श्रोत			
चुक्ता पूँजी	१,५०५,०००.००	१,५०५,०००.००	१,५०५,०००.००
जगेडा तथा कोषहरु	८०,१८१.१५	२०४,९६३.५८	६५६,४५५.०७
बीमा कोष	४००,९६६.७०	२,२०८,५७०.५८	४,३६४,१२९.३३
महा-विपत्ति जगेडा	८,९०९.०२	२२,७७३.७३	७२,९३९.४५
तिर्न बाँकी दीर्घकालीन ऋण तथा सापटी	–	–	–
कुल श्रोत	**१,९९५,०५६.८७**	**३,९४१,३०७.९०**	**६,५९८,५२३.८५**
उपयोग	**२०७४/२०७५**	**२०७५/२०७६**	
स्थिर सम्पत्ति (खुद)	५२,५७८ .०६	७४,८१०.९४	५८,७९७.२८
दीर्घकालीन लगानी	७१८,२४९.७७	१,३०२,५९८.०८	२,४९३,८९३.५९
दीर्घकालीन कर्जा	७३,३५०.६७	१३५,१००.१८	१८७,०७४.११
बीमालेखको धितोमा कर्जा	५,८७५.५५	२२१,२५४.१६	७८९,३५८.९९
चालु, सम्पत्ती कर्जा तथा पेश्कीहरु	–	–	–
नगद तथा बैंक मौज्दात	१५८,४३९.७६	२७७,४३६.६१	३०६,५५२.५३
अल्पकालीन लगानी तथा कर्जा	१,२२२,३०२.११	२,२६४,३४५.३४	२,८३६,८८५.८५
अन्य सम्पत्ति	८५,६८८.८६	३९९,२२०.२४	८५७,४४३.९५
जम्मा (क)	**१,४६६,४३०.७३**	**२,९४१,००२.१९**	**४,०००,८८२.३३**
चालु दायित्व तथा व्यवस्थाहरु			
चालु दायित्व	१३१,६३७.६६	–	५२८,१६२.५२
असमाप्त जोखिम वापत व्यवस्था	१५७,७८८.२८	३२८,७६९.११	३३६,२५५.८४
भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था	–	३६८,३८४.९४	३,४८७.२६
अन्य व्यवस्था	३२,००१.९७	–	६३,५७६.८४
जम्मा (ख)	**३२१,४२७.९१**	**३६,३०३.६२**	**९३१,४८२.४६**
खुद चालु सम्पत्ति (ग) + (क)- (ख)	**१,१४५,००२.८१**	**२,२०७,५४४.५३**	**३,०६९,३९९.८८**
अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	–	–	–
नाफा/नोक्सान हिसाबबाट सारको नोक्सान	–	–	–
कुल उपयोग	**१,९९५,०५६.८७**	**३,९४१,३०७.९०**	**६,५९८,५२३.८५**

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक रु. हजारमा		अपरिष्कृत (रु.हजारमा)
	२०७४/७५	२०७५/७६	२०७६/७७
आम्दानी			
आय-व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)	(४६,५९६.५३)	(६६,८७८.७७)	१७०,७०२.५४
जीवन बीमा कोषबाट सारेको	१३,४९९.७६	२,२५१.६५	–
लगानी, कर्जा तथा अन्यबाट आय	१४५,५५०.३६	१०६,४५१.५९	११०,९०६.९४
व्यवस्था फिर्ता	–	–	३,५२५.७८
अन्य आम्दानी	–	–	–
जम्मा आम्दानी (क)	**११२,४५३.५९**	**४१,८२४.४७**	**२८५,१३५.२६**
खर्च		–	–
व्यवस्थापन खर्च	२३,९७४.४२	७१,१९८.०७	८६,७९७.७१
अपलेखन खर्च	–	–	–
शेयर सम्वन्धी खर्च	–	६५२.९५	४५.००
अन्य खर्चहरु	–	–	–
नोक्सानीको लागि व्यवस्था	४,१६०.९०	७२,९०६.२७	११,२२७.३१
कर्मचारी आवास व्यवस्था	–	–	–
कर्मचारी बोनश व्यवस्था	७,६६५.३०	–	१७,००५.९३
समायोजित आयकर (अ) = (आ) - (इ)	(४१,३५८.१२)	(२४१,५७९.९७)	(३३१,५९७.९०)
आ) आयकर		–	–
इ) स्थगन कर सम्पत्ति/(दायित्व)	४१,३५८.१२	२४१,५७९.९७	३३१,५९७.९०
जीवन बीमा कोषमा सारेको	४१,४११.२०	–	–
जम्मा खर्च (ख)	**३५,८५३.६९**	**(९६,८२२.६८)**	**(२१६,५२१.९४)**
खुद नाफा र(नोक्सान) (ग) = (क)-(ख)	**७६,५९९.९०**	**१३८,६४७.१५**	**५०१,६५७.२१**
अघिल्लो वर्षसंग सम्बन्धित खर्च (कर)		–	–
अघिल्लो वर्षबाट सारिएको नाफा र(नोक्सान)	१२,४९०.२७	३८,८२३.०२	(७७,९७४.५१)
बाँडफाँडको लागि उपलब्ध रकम	**८९,०९०.१७**	**१७७,४७०.१७**	**४२३,६८२.६९**
शेयर प्रिमियम रकम			
बाँडफाँडको लागि उपलब्ध रकम	**८९,०९०.१७**	**१७७,४७०.१७**	**४२३,६८२.६९**
(क) स्थगन कर जगेडा	४१,३५८.१२	२४१,५७९.९७	३३१,५९७.९०
(ख) पूँजीगत जगेडा	–	–	–
(ग) विषेश जगेडा	–	–	–
(घ) अन्य : जगेडा (विवरण खुलाउने)	–	–	–
(ङ) प्रस्तावित लाभांश	–	–	–
(अ) बोनश शेयर	–	–	–
(आ) नगद लाभांश	–	–	–
(च) महा-विपत्ति जगेडा	८,९०९.०२	१३,८६४.७२	५०,१६५.७२
वासलातमा सारेको नाफा /(नोक्सान)	**३८,८२३.०२**	**(७७,९७४.५१)**	**४१,९१९.०७**

वासलात

क्र.सं.	विवरण	प्रक्षेपित रु. हजारमा		
		आ.व.२०७७।०७८	आ.व.२०७८।०७९	आ.व.२०७९।०८०
१	**श्रोत (१.१ देखि १.५ सम्म)**	**१२,०६५,२०७.७०**	**२१,९२३,३१३.७४**	**३८,०८०,९१८.३७**
१.१	चुक्ता पूँजी	२,१५०,०००.००	२,१५०,०००.००	२,१५०,०००.००
१.२	जगेडा तथा कोष	७०६,६७९.१७	८२७,२३३.५२	९९६,७२१.३७
१.३	जीवन बीमा कोष	९,१३०,००८.६२	१८,८५४,१६५.३८	३४,८२३,४५०.१८
१.४	महा विपत्ती जगेडा	७८,५१९.९१	९१,९१४.८४	११०,७४६.८२
१.५	तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी	–	–	–
२	**उपयोग (२.१ देखि २.७ सम्म)**	**१२,०६५,२०७.७०**	**२१,९२३,३१३.७४**	**३८,०८०,९१८.३७**
२.१	स्थिर सम्पत्ती (खुद)	८०,५११.३९	७३,८५५.७८	६८,५३१.२९
२.२	दिर्घकालिन लगानी तथा कर्जा	७,०८२,३७९.७८	१३,५१२,३८७.०९	२४,१९८,६४७.८२
२.३	बीमालेखको धितोमा कर्जा	१,०३९,३५८.९९	१,२८९,३५८.९९	१,५३९,३५८.९९
२.४	अन्य दिर्घकालिन कर्जा	३१७,८०२.९५	४८५,८०२.९५	६६०,८०२.९५
२.५	**खुद चालु सम्पत्ति (३ -४)**	**३,५४५,१५४.५९**	**६,५६१,९०८.९३**	**११,६१३,५७७.३२**
२.६	अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	–	–	–
२.७	नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	–	–	–
	खुद चालु सम्पत्तिको विवरण	–	–	–
३	चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.४ सम्म)	४,२२१,८८५.३४	७,४०३,८०८.५०	१२,६३०,८८३.०९
३.१	नगद तथा बैंक मौज्दात	६२,९१२.७९	१०१,९९५.५६	१३१,३८३.३५
३.२	अल्पकालिन लगानी	३,०३५,३०५.६२	५,७९१,०२३.०४	१०,३७०,८४९.०७
३.३	अन्य अल्पकालिन कर्जा	१३६,२०१.२६	२०८,२०१.२६	२८३,२०१.२६
३.४	अन्य सम्पत्ती(अनुसुची १)	९८७,४६५.६७	१,३०२,५८८.६४	१,८४५,४४९.४१
४	चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म)	६७६,७३०.७५	८४१,८९९.५६	१,०१७,३०५.७७
४.१	चालु दायित्व(अनुसुची २)	२९०,५४०.४०	४११,२७९.७८	५६९,०४७.४२
४.२	असमाप्त जोखिम वापत व्यवस्था	२९८,६०४.६७	३१४,०२३.२७	२९६,४१३.९६
४.३	भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	३,८३५.९९	४,२१९.५८	४,६४१.५४
४.४	अन्य व्यवस्था	८३,७४९.६९	११२,३७६.९३	१४७,२०२.८४

नाफा-नोक्सान हिसाब

क्र.सं.	विवरण	प्रक्षेपित रु. हजारमा		
		आ.व.२०७७।०७८	आ.व.२०७८।०७९	आ.व.२०७९।०८०
१	आम्दानी (१.१ देखि १.५ सम्म):	२१४,०८५.८७	२७३,१२२.६८	३४१,१५९.३९
१.१	आय व्यय हिसाबबाट सारेको	७८,७०४.२८	६८,१४१.०२	११९,१७४.२२
१.२	जीवन बीमा कोषबाट सारेको *	–	–	–
१.३	लगानी कर्जा तथा अन्यबाट आय	१३५,३८१.५९	२०४,९८१.६७	२२१,९८५.१७
१.४	व्यवस्था फिर्ता*	–	–	–
१.५	अन्य आम्दानी*	–	–	–
२	**व्यवस्था तथा खर्चहरु (२.१ देखि २.९ सम्म)**	**१२४,५११.१३**	**१३९,१७३.४०**	**१५२,८३९.५६**
२.१	व्यवस्थापन खर्च	११५,५५३.६६	१२५,७७८.४७	१३४,००७.५८
२.२	अपलेखन खर्च*	–	–	–
२.३	शेयर सम्बन्धी खर्च*	–	–	–
२.४	अन्य खर्चहरु *	–	–	–
२.५	नोक्सानीको लागि व्यवस्था*	–	–	–
२.६	कर्मचारी आवास व्यवस्था*	–	–	–
२.७	कर्मचारी बोनस व्यवस्था	८,९५७.४७	१३,३९४.९३	१८,८३१.९८
२.८	आयकर*	–	–	–
२.९	जीवन बीमा कोषमा सारेको *	–	–	–
३	**खूद नाफा /(नोक्सान) (१) - (२)**	**८९,५७४.७४**	**१३३,९४९.२८**	**१८८,३१९.८३**
४	अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान)	१२,३८०.३०	१०१,९५५.०४	२३५,९०४.३२
५	**बाँडफाँडको लागि उपलब्ध रकम (३) + (४)**	**१०१,९५५.०४**	२३५,९०४.३२	४२४,२२४.१६
६	स्थगन कर जगेडा*	–	–	–
७	बोनस शेयर*	–	–	–
८	नगद लाभांश*	–	–	–
९	महा विपत्ती जगेडा	१०,१९५.५०	२३,५९०.४३	४२,४२२.४२
१०	**वासलातमा सारेको नाफा/(नोक्सान)**	**९१,७५९.५४**	**२१२,३१३.८९**	**३८१,८०१.७४**

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक रु. हजारमा			अपरिष्कृत	प्रक्षेपित रु. हजारमा		
	२०७३/०७४	२०७४/०७५	२०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०
चुक्ता पूँजी	१,५०५,०००	१,५०५,०००	१,५०५,०००	१,५०५,०००	२,१५०,०००	२,१५०,०००	२,१५०,०००
जगेडा तथा कोषहरु	१२,४९०	८०,१८१	२०४,९६४	६५६,४५५	७०६,६७९	८२७,२३४	९९६,७२१
महा-विपत्ति जगेडा	–	८,९०९	२२,७७४	७२,९३९	७८,५२०	९१,९१५	११०,७४७
जम्मा	१,५१७,४९०	१,५९४,०९०	१,७३२,७३७	२,२३४,३९५	२,९३५,१९९	३,०६९,१४८	३,२५७,४६८
घटाउने : अपलेखन हुन बाँकी खर्च	–	–	–	–	–	–	–
कुल नेटवोर्थ	१,५१७,४९०	१,५९४,०९०	१,७३२,७३७	२,२३४,३९५	२,९३५,१९९	३,०६९,१४८	३,२५७,४६८
खूद नाफा	१२,४९०	७६,६००	१३८,६४७	५०१,६५७	८९,५७५	१३३,९४९	१८८,३२०
शेयर संख्या (हजारमा)	१५,०५०	१५,०५०	१५,०५०	१५,०५०	२१,५००	२१,५००	२१,५००
प्रति शेयर नेटवर्थ (रु.)	१००.८३	१०५.९२	११५.१३	१४८.४६	१३६.५२	१४२.७५	१५१.५१
प्रति शेयर आम्दानी (रु.)	०.८३	५.०९	९.२१	३३.३३	४.१७	६.२३	८.७६
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा प्रतिफल (%)	०.८२%	४.८१%	८.००%	२२.४५%	३.०५%	४.३६%	५.७८%

*** आषाढ मसान्त, २०७७ को व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण अनुसार र बीमा समितिको वित्तिय विवरण निर्देशिका बमोजिम तयार पारिएको ।**
विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : ४.५४%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल : ८.३३ %

इन्स्योरेन्स कम्पनीको वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु

सि. नं.	विवरण	आ.ब २०७७/०७८	आ.ब. २०७८/०७९	आ.ब.२०७९/०८०	कैफियत
१	प्रति शेयर आम्दानी (रु)	४.१७	६.२३	८.७६	
२	नेटवर्थ (रु हजारमा)	२,९३५,१९९	३,०६९,१४८	३,२५७,४६८	
३	प्रति शेयर नेटवर्थ (रु)	१३७	१४३	१५२	
४	कुल बीमाशुल्कमा अनुमानित बृद्धिदर (प्रतिशतमा)	८५%	५९%	४२%	कम्पनी स्थापनाको समयमा कुल बिमा शुल्कको बृद्दि बजारको औसत भन्दा अत्याधिक राम्रो रहेको र सो पश्चात बजारको औसत बृद्दि अनुसार नै व्यापारमा हुने भएकोले घटी बृद्दि देखिएको।
५	पुनर्बीमा कमिशन आयमा अनुमानित बृद्धिदर (प्रतिशतमा)	–	–	–	उपयुक्त शिर्षकमा खर्च नभएको।
६	लगानी, कर्जा तथा अन्यबाट आयमा अनुमानित बृद्धिदर (प्रतिशतमा)	९३%	९८%	७८%	
७	दावी भुक्तानीमा अनुमानित बृद्धिदर (प्रतिशतमा)	११७%	२%	१%	
८	अभिकर्ता कमिशनमा अनुमानित बृद्धिदर (प्रतिशतमा)	३५%	४४%	३५%	
९	पूनर्बीमा शुल्कमा अनुमानित बृद्धिदर (प्रतिशतमा)	११९%	६४%	४१%	
१०	सेवा शूल्कमा अनुमानित बृद्धिदर(प्रतिशतमा)	८४%	५९%	४२%	
११	ब्यवस्थापन खर्चमा अनुमानित बृद्धिदर (प्रतिशतमा)	३३%	९%	७%	
१२	कर्मचारी खर्चमा अनुमानित बृद्धिदर (प्रतिशतमा)	९%	५%	५%	

१४. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने। यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने।
(क) वित्तीय साधनको अभावबाट हुने जोखिम : निक्षेप, लगानी तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु र नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।
(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम : लागू नहुने।
(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
१.देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
२.पूनर्बीमा कम्पनीको कम्पनी/नेपालको बीमा बजार प्रतिको विश्लेषणमा हुने जोखिम।
(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि **(cost overrun)**को जोखिम : लागु नहुने ।
(ङ) विदेशी विनिमयको जोखिम : देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु।
(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु : लागू नहुने।
(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण **(Globalization)**का कारणबाट उत्पन्न हुन सक्ने जोखीम : अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।
(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम :
नेपाल सरकार तथा बीमा समितिको नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
(झ) संचालन अनुभवको अभाव : यस कम्पनीको संचालन इतिहास करिव ५ बर्षको रहेको छ।
(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :नयाँ प्रविधिको विकास सगै कम्पनीले प्रयोग गर्ने प्रविधिमा हुने परिवर्तनले पर्न सक्ने संचालन तथा साखःसम्बन्धी जोखिम।
(ट) अन्य :

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ।

- उचित जोखिम मुल्याङ्कन गरी कुशल जोखिम व्यवस्थापन गर्ने।
- अनुभवि तथा दक्ष जनशक्तिद्वारा उचित दावी व्यवस्थापन गर्ने।
- बीमा समितीद्धारा जारी लगानी निर्देशिका अनुरुप लगानी गर्ने।
- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई लेखा परिक्षकले औल्याएका कैफियतहरु सुधार गर्दै लैजाने।
- बीमा समितिले जारी गरेको संस्थागत सुशासन तथा अन्य निर्देशिकाहरु पालना गर्दै आई रहेको र परेका चुनौतीहरुलाई व्यवस्थापन गर्दै अगाडी वढ्ने।
- पुनर्बीमा बीमाकी, बीमालेखसँग सम्बन्धित योजना एवं अन्य योजना : बीमालेख अन्तर्गत जोखिम न्युनिकरणका लागि कम्पनीले बीमालेख अन्तर्गत धारण गरेको जोखिमको आवश्यकता अनुसार पुनर्बीमा गर्ने गरिएको, नियामक निकायको स्वीकृति बमोजिम बीमाङ्की नियुक्त गरी हरेक वर्ष दायित्वको लेखा जोखा (Valuation) गराउने कार्य गर्ने गरिएको।
- कोभिड -१९ को महामारीबाट उत्पन्न कुनै जोखिम भए सो सम्बन्धमा : कोभिड-१९, बाट उत्पन्न जोखिमको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अवलम्बन भए गरेका जोखिम न्युनिकरणका उपायहरुको अवलोकन तथा अध्ययन गरी सोहि अनुरुप उपयुक्त व्यवसायिक रणनीति अनुशरण गर्ने।
- पुनर्बीमा बीमाकी, बीमालेखसँग सम्बन्धित योजना एवं अन्य योजना : बीमालेख अन्तर्गत जोखिम न्युनिकरणका लागि कम्पनीले बीमालेख अन्तर्गत धारण गरेको जोखिमको केही अंश पुनर्बीमा गर्ने गरिएको, नियामक निकायको स्वीकृति बमोजिम बीमाङ्की नियुक्त गरी हरेक वर्ष दायित्वको लेखा जोखा (Valuation) गराउने कार्य गर्ने गरिएको।
- कोभिड -१९ को महामारीबाट उत्पन्न कुनै जोखिम भए सो सम्बन्धमा : कोभिड-१९, बाट उत्पन्न जोखिमको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अवलम्बन भए गरेका जोखिम न्युनिकरणका उपायहरुको अवलोकन तथा अध्ययन गरी सोहि अनुरुप उपयुक्त व्यवसायिक रणनीति अनुशरण गर्ने।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु. १०० प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१५. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः

सि.नं.	प्रत्याभूति गर्ने संगठित संस्थाको नाम र ठेगाना	प्रत्याभूति गर्ने धितोपत्रको संख्या	प्रत्याभूति गर्ने धितोपत्रको रकम
१	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड	६४,५०,०००	रु.६४,५०,००,०००/-
	जम्मा	६४,५०,०००	रु.६४,५०,००,०००/-

१६. धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी व्यवस्था :

(१) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिने छ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।
१. शेयर बाँडफाँट गर्दा सर्बप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिने छ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँड गरिने छ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ।
४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ।
५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारण लाई जानकारी गराइने छ।

(२) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यबस्था :
शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जानकारी गराई आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुलाई सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरिदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ।

(३) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :
"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार तोकिएको समयावधि भित्र बाँडफाँट पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिन सम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ।

(४) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :
"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका,२०७४" मा भएको व्यवस्था बमोजिम प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गरिएको शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र आवेदकबाट उपलब्ध गराइएको हितग्राही खातामा जम्मा गरिनेछ।"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुका सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरिदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ।

(५) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरणः
प्रारम्भिक सार्वजनिक निष्काशन गरिने शेयर सूचिकरण भैसकेको छैन।

(६) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :
प्रारम्भिक सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ।

१७. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।
१. युनियन लाईफ इन्स्योरेन्स कम्पनीको रजिष्टर्ड/(केन्द्रीय) कार्यालय, नयाँ बानेश्वर, काठमाडौं।
२. धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. यस इन्स्योरेन्स कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र इन्स्योरेन्स कम्पनीको रजिष्टर्ड कार्यालय सिद्धार्थनगर नगरपालिका वडा न. ८, रुपन्देही, वा कर्पोरेट कार्यालय नयाँ बानेश्वरमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर रु १००/– का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ।
३. प्रत्येक आवेदकले कम्तीमा १० कित्ता तथा सो माथि १० अंकको गुणाङ्क संख्यामा अधिकतम ३२,२५० कित्तासम्म शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछन्।

१९. आवेदन दिदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन्।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।
३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य संचालन निर्देशिका, २०७४ को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरे पश्चात् शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ।
६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण संग रुजु हुनुपर्नेछ।
७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर, र नाता।
घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)।
च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।
८. आवेदकहरुले आवेदन दिँदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का वा निष्कृय (Dormant) रहेको हुनुहुँदैन।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरीदको लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सके पछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गर्नेछ।
१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ।
१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ।
१५. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ३२,२५० कित्ता सम्मको लागि आवेदन दिन सकिनेछ।
१६. रु. ५ लाख भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) उल्लेख गर्नु पर्नेछ।

२०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित विभिन्न क्षेत्रहरुमा प्रयोग हुनेछ।

क.सं	विवरण	रकम (रु.)
१	नेपाल सरकारको ऋणपत्र/विकास ऋणपत्र २५ प्रतिशत	१६१,२५०,०००
२	वाणिज्य बैंकको मुद्दती निक्षेपमा ४० प्रतिशत	२५८,०००,०००
३	विकास बैंकको मुद्दती निक्षेपमा १५ प्रतिशत	९६,७५०,०००
४	वित्त कम्पनीको मुद्दती निक्षेपमा १० प्रतिशत	६४,५००,०००
५	पब्लिक लिमिटेड कम्पनीको शेयरमा १० प्रतिशत	६४,५००,०००
६	सामूहिक लगानी कोष/पुर्वाधार विकास आयोजना/नागरिक लागनी कोष तथा अन्य	-
	जम्मा	**६४५,०००,०००**

२१. निष्काशन बैंक (Bankers to the Issue)

आस्वा प्रणाली २०७४ श्रावण महिनादेखि पुर्णरुपमा लागू हुने भएकोले धितोपत्र बाँडफाँड पश्चात बाँडफाँडमा परेको धितोपत्र वापतको रकम सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरुले निष्काशन प्रबन्धकबाट जानकारी प्राप्त गरेको मितिले ३ दिनभित्र उक्त रकम निष्काशन प्रबन्धकको खातामा हस्तान्तरण गरिदिनु पर्नेछ। साथै धितोपत्र बाँडफाँडमा नपरेका आवेदकहरुको हकमा समेत निष्काशन प्रबन्धकबाट जानकारी प्राप्त भएको ३ कार्यदिन भित्र सम्बन्धित आवेदकहरुको खाता फुकुवा गरिदिनु पर्नेछ।

प्रभु बैंक लिमिटेड, कमलादी शाखा,	खाता नं. १११००६३१८१६००११३

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्रद्वारा प्रारम्भिक सार्वजनिक निष्काशन शेयरहरुको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्यदिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढिमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्नेछ।

२३. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, वेबसाइट www.prabhucapital.com
२.	यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौं, वेबसाइट www.unionlife.com.np तथा विवरणपत्र स्विकृत पश्चात नेपाल धितोपत्र बोर्डको वेबसाईट www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ।

सि.नं.	दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सिआस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको हुँदा तहाँ सम्पर्क गर्न सकिनेछ। कुनै पनि लगानीकर्ताले यस निश्कासन संग सम्बन्धित बिषयमा कुनै गुनासो वा सुझावका लागी सम्पर्क अधिकारी श्री दिपा भण्डारी लाई निजके कार्यालयमा वा निजलाइ कार्यालय समयभित्र ०१ ४२२२९८७ मा सम्पर्क गर्न सकिनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७, फ्याक्सः४२२२८०२
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Ltd.)